# भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं.:-२०७७/०७८ मिति : २०७७/१२/०२
च.नं.:-

## सूचना ! सूचना !! सूचना !!!

भुमिसम्बन्धि समस्या समाधान आयोगबाट मिति २०७७/११/१८ गते प्रकासित ३५ दिने सुचना बमोजिम यस भजनी नगरपालिका क्षेत्रभित्र बसोबास तथा जग्गा आवाद कमोत गरि रहनुभएका भूमिहीन दलित, भूमिहीन सकुम्बासी तथा अव्यवस्थित बसोबासिहरुलाई आवास र कृषि प्रयोजनको लागि जग्गा उपलब्ध गराउने आवेदन लिई तपाईहरुको घर दैलोमा तथ्यांक संकलन टोली आउने हुदा लगत संकलनका लागि तपसिल बमोजिमका कागजातहरु तयारि अवस्थामा राख्न हुन अनुरोध छ | सो कार्यका लागि खटि आउनुभएका तथ्यांक संकलकबाट माग गरिएका विवरण र कागजात समयमै उपलब्ध गराई आबेदन फाराम भर्ने कार्यमा सहयोग गरिदिन हुन अनुरोध छ | समयमै आबेदन फारम नभर्ने माग गरिएका कागजात र बिबरण उपलब्ध नगराएको कारण नियमअनुसार जग्गा प्राप्त नभएमा त्यसको जिम्मेवार सम्बन्धित व्यक्ति नै हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ | साथै झुटा विवरण दिई आबेदन फारम भरेमा नियमानुसार कारबाही हुने व्यवस्था भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ |

**अव्यवस्थित बसोबासको लागि आवश्यक कागजात**

१ परिवार मुली र नागरिकता प्राप्त सदस्यहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र नागरिकता प्राप्त नभएका अन्य सदस्यको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि

२. आफु र परिवारका सदस्यको नाममा नेपाल राज्य भर रहेको सबै जग्गाको प्रमाण पुर्जाको प्रतिलिपि र सम्बन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरेको मुल्यांकन सम्बन्धि स्थानीय तहको सिफारिस पत्र

३. उपभोग प्रमाण सम्बन्धि कागजातको प्रतिलिपि (बिद्युत/पानीको महशुल तिरेको रसिद, स्थानीय तहले दिएको सिफारिस, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण, घरको नक्सा पासको प्रतिलिपि, बहाल बिटौरी शुल्क तिरेको रसिद अन्य आदि)

४. घरमुली र परिवारमुली पति पत्नीको हालसालै खिचेको ३/३ प्रति पासापोर्ट साइजको फोटो

५. उपलब्ध अन्य प्रमाणहरु भएमा

निमित्त प्रमुख प्रशासकीय अ

**भूमिहीन दलित र भुमिहिन सुकुम्बासीको लागि आवश्यक कागजात**

१. परिवार मुली र नागरिकता प्राप्त सदस्यहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र नागरिकता प्राप्त नभएका अन्य सदस्यको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि
२. उपभोग प्रमाणसम्बन्धि कागजातको प्रतिलिपि (बिद्युत/पानीको महशुल तिरेको रसिद, स्थानीय तहले दिएको सिफारिस, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण, घरको नक्सा पासको प्रतिलिपि, बहाल बिटौरी शुल्क तिरेको रसिद अन्य आदि)
३. घरमुली र परिवारमुली पति पत्नीको हालसालै खिचेको ३/३ प्रति पासापोर्ट साइजको फोटो
४. उपलब्ध अन्य प्रमाणहरु भएमा

**बिगतमा वितरण गएका जग्गाको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित संग सम्बन्धित बाकि कामका लागि आवश्यक कागजात**

१. नागरिकताको प्रतिलिपि
२. सम्बन्धित व्यक्तिले भोगचलन गरेको वडा कार्यालयको सिफारिस
३. दर्ता श्रेस्ता/स्वामित्व/फिल्डबुक सम्बन्धि निस्सा,प्रमाण
४. अन्य प्रमाण कागजातहरु भए सो सम्बन्धि विवरण
५. राजस्व, तिरो, मालपोत बुझाएको भए सो को प्रमाण
६. सयुक्त स्वामित्व भए नाता प्रमाणित वा नागरिकताको प्रतिलिपि
७. अन्य

हरिराम चौधरी
नि.प्रमुख प्रशासकिय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत